# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः२३५
मितिः २०८०/११/२०
समयः बिहान ११:०० बजे
प्रारम्भः बिहान ११:१० बजे
अन्त्यः दिनको १:५५ बजे

<u>छलफल तथा निर्णय</u> :-

१. समितिको आज मिति २०८०/११/२० गतेको बैठकमा मिति २०७५/०४/१७ गते यो समिति गठन भएपश्चात हालसम्म समितिले सम्पादन गरेका कामकारवाहीका सम्बन्धमा समिक्षात्मक छलफल भयो।

२. मिति २०७५/०४/१७ गते गठन हुँदा कार्यकाल प्रारम्भ गर्नु भएका माननीय सदस्य र विभिन्न मितिमा समितिमा आवद्ध हुनुभई यस समितिलाई गतिशील एवं प्रभावकारी बनाउन आफ्नो कार्यकाल अवधिमा यस समितिमा महत्वपूर्ण भूमिका निर्वाह गरी आज मिति २०८०/११/२० गतेबाट कार्यकाल समाप्त भई विदा हुनुहुने समिति सभापति दिल कुमारी रावल थापा (पार्वती), यस समितिका सदस्यहरु माननीय इन्दु कडरिया, माननीय कुमार दसौदी, माननीय दिपा गुरुङ, माननीय माननीय रामचन्द्र राई र मिति २०७५/०४/१७ गतेदेखि मिति २०७९/०६/२३ गतेसम्म कार्यकाल समाप्त भई विदा हुनु भएका माननीय खिमलाल भट्टराईलाई उहाँहरुले समितिमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै समितिको तर्फबाट विदाई धन्यवाद ज्ञापन गर्दै वहाँहरुको राजनैतिक, सामाजिक जीवनको सफलताको कामना गरियो।

३. समितिको यो बैठकमा समितिको गठन पश्चात कार्यसम्पादनको क्रममा भएका छलफल, अनुगमन, अन्तरक्रिया लगायत समितिका कामकारवाहीमा समितिलाई आफ्ना अमुल्य सुझाव, सल्लाह मार्गदर्शन, अभिभावकत्व एवम् हौसला प्रदान गर्नुहुने सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभार व्यक्त गर्ने निर्णय भयो।

४. समितिको यो बैठकमा समितिको काम कारवाहीमा सहयोग गर्नुहुने सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, संघीय संसदका माननीय सदस्यहरु,

समितिका माननीय सदस्यज्यूहरु, समितिको काममा समन्वयात्मक सहयोग पुयाउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, सम्बन्धित मन्त्रालय/ निकाय/ आयोजनाको पदाधिकारी, सचिव, समिति सचिव र समिति सचिवालयमा कार्यरत कर्मचारीहरु राजनैतिक प्रतिनिधिहरु, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रुपमा महत्वपूर्ण सहयोग पुयाउनु हुने विभिन्न क्षेत्रका विज्ञहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सरोकार पक्षहरु ,पत्रकारहरु लगायत यस समितिलाई सहयोग गर्नुहुने सबैप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय भयो।

५. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति